प्रदेश सरकार

लुम्बिनी प्रदेश

## वन, वातावरणत था भू संरक्षण मन्त्रालय

मुकामः बुटवल

# जडिबुटी तथा काष्ठजन्य उद्दम बिकासमा सहयोग कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७८/०८/२९)

यस मन्त्रालयको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन उद्दम तथा पर्यापर्यटन प्रवर्धन कार्यक्रम तर्फको वन जडिबुटी तथा काष्ठजन्य उद्दम बिकासमा सहयोग कार्यक्रम कार्यन्वयन गर्नुपर्ने भएको हँदा इच्छुक यस प्रदेश भित्र रहेका वन समूह तथा वनजन्य उद्यम सम्बन्धी उद्देश्य भएको समूह तथा सहकारी,निजितथा साझेदारी संस्थाहरुले मिति २०७८/०९/२९ गते भित्र यस मन्त्रालय मातहतका डिभिजन वन कार्यालय (१४) वा यस वन वातावरण तथा भूसंरक्षण मन्त्रालय, मुकामः बुटवलमा तोकिएको ढाँचामा अनुदानको लागि प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**द्रष्टव्यः**

१. प्रस्ताव मूल्याङ्कनका आधारमा प्रति समूह/संस्थालाई वढीमा रू. २० लाखसम्म अनुदान रकम उपलब्धगराईनेछ। प्राप्त हुने अनुदान बरावरकै लागतको थप कार्य सम्बन्धित समूह/संस्थाले अनिवार्य व्यहोर्नुपर्ने हुँदा समूह/सँस्थाले वेहोर्ने रकम र कार्यहरू समेत स्पष्ट रूपमा प्रस्तावमा खुलाउनु पर्नेछ।

२. प्रस्ताव तोकिए वमोजिमको ढाँचामा हुनुपर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायकोसिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. यस भन्दा अगाडि त्यस उद्यमले हाल प्रस्ताव गर्न खोजेको समान प्रकृतिको कार्यमा अन्य कुनै सरकारी निकायवाट यस अघि अनुदान प्राप्त गरेको भएमा उक्त उद्यमको लागि अनुदान उपलब्ध गराउन सकिने छैन। अन्य निकायवाट हालसम्म यस प्रकृतिको कार्यमा कुनैपनि अनुदान नलिएको व्यहोरा प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

४. विस्तृत सूचना र प्रस्तावको ढाँचा यस मन्त्रालयको वेवसाइट https://moitfe.lumbini.gov.np मा हेर्न सकिनेछ रसोहि ढाँचामा तोकिएको मापदण्ड भित्र रही शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

५. थप जानकारीको लागि नेपाल सरकार वन तथा वातावरण मन्त्रालयवाट प्रकाशित वनजन्य उद्यम प्रबर्द्धनतथा विकासका लागि अनुदान सम्बन्धी कार्यविधि-२०७५ (प्रथम संशोधन-२०७६), वन तथा भ-संरक्षण विभाग र यस मन्त्रालयको वेवसाइट https://moitfe.lumbini.gov.np वाट अध्ययन गर्न सकिनेछ।